नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

फोनः ०५६-५२१९४४
०५६-५२०१९८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स ०५६-५२०७४७

विषयः- जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७८/०१/२२ गते प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछाने ज्यूको अध्यक्षतामा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी निम्नानुसारका निर्णयहरु भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

निम्न

निर्णयः-

क। यस चितवन जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धमा यस अघि भएको निर्णय कार्यान्वयन स्थितिको समग्र रूपमा समिक्षा भयो ।

ख। बैंक तथा वित्तीय संस्थाको हकमा यहि मिति २०७८।०१।२३ गते देखि लागू हुने गरी देहाय बमोजिम गर्ने:

१। जिल्ला स्थित सबै बैंक तथा वित्तीय संस्थाले सेवाग्राहीको भिडभाड नहुने तथा भौतिक दुरी कायम हुने जनस्वास्थ्यका मापदण्ड पालना हुने सुनिश्चितता गरी कार्यरत कर्मचारीको आधा कर्मचारीबाट सेवाप्रबाह गर्ने । सो को विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलव्ध गराउने ।

२। ATM बुथहरूबाट हुन सक्ने संक्रमण जोखिम कम गर्न बुथमा ढोका खुला राखी स्यानिटाइजर एवं टिस्यूपेपरको व्यवस्था गर्ने ।

३। एक दिन बिराएर आलोपालो हुने गरी सेवाप्रबाह गर्ने ।

४। सेवा दिने समय विहान १०.०० बजे देखि दिउसो २.०० बजे सम्म मात्र गर्ने ।

५। भरतपुर महानगरपालिका भित्रको हकमा एक भन्दा बढि शाखा हुने बैंकहरूले एउटा शाखाबाट मात्र ट्रेलर संख्या बढाई सेवाप्रबाह गर्ने ।

६। भिडभाड हुन नदिन टोकन प्रणाली अवलम्बन गरी सेवाप्रबाह गर्ने ।

७। माथी उल्लिखित व्यवस्थाको समन्वय तथा अनुगमन बैंकर एसोसियशनले समेत गर्ने ।

ग। विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूले आवासीय कामदार राखी जनस्वास्थ्यका सुरक्षाका मापदण्ड अनिवार्य पालना गर्ने गराउने ।

घ। फुटपाथ तथा खुल्ला ठाँउ, ठेलागाडा वा साइकलमा सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय सञ्चालन गर्न नपाइने ।

२०७८/१/२२
रामचन्द्र ढकाल
प्रशासकीय अधिकृत

ङ. अस्पतालमा उपचाररत विरामीहरूको लागि आवश्यक पर्ने व्लडको कमी हुन नदिन जनस्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गरी नेपाल रेडक्रस सोसाइटी चितवन शाखाको संयोजनमा व्लड संकलन तथा आपूर्तिको व्यवस्था गर्ने ।

च. औषधि, खाद्यान्न लगायत अत्यावश्यक उपभोग्य वस्तुको सहज आपूर्ति गर्न, कालोबजारी गर्न नदिने व्यवस्थाका लागि सबै उद्योग वाणिज्य संघहरु र चितवन उद्योग संघलाई आग्रह गर्ने ।

छ. यस जिल्लामा कोभिड-१९ बाट संक्रमित विरामीहरूको उपचारमा अक्सिजनको कमी हुन नदिन तथा सहज आपूर्ति व्यवस्थाका लागि सरोकारवालाहरूको मिति २०७८।०१।२१ गते सम्पन्न बैठक समेतको आधारमा देहाय बमोजिम गर्ने

१. यस जिल्ला स्थित अक्सिजन उत्पादन गर्ने उद्योग तथा अस्पतालहरूले पूर्ण क्षमतामा अक्सिजन उत्पादन गरी आवश्यक परिमाणमा मौज्दात राख्ने ।

२. अक्सिजन उत्पादन गर्ने उद्योग तथा अक्सिजन सप्लायर्सहरूले विभिन्न उद्योग तथा व्यक्तिसँग रहेका खाली सिलिण्डर तत्काल फिर्ता लिने । फिर्ता लिन कुनै कठिनाई भएमा प्रहरीको समेत सहयोग लिई गर्ने ।

३. जिल्ला प्रशासन कार्यालयको स्वीकृतिवेगर अन्य जिल्लामा अक्सिजन विक्री वितरण नगर्ने ।

४. अक्सिजन विक्री वितरणको दैनिक अभिलेख अध्यावधिक गर्ने ।

५. अस्पतालहरूमा अक्सिजनको कमी भई संक्रमितहरूको उपचार प्रभावित हुन सक्ने भएमा समयमै DCCMC लाई समेत जानकारी गराउने ।

ज. जिल्ला कोभिड-१९ को संक्रमणको जोखिम न्यूनिकरण, रोकथाम नियन्त्रण र उपचारका लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बाट यस अघि विभिन्न मितिमा भएका निर्णय प्रभावकारी कार्यान्वियनमा आवश्यक सहयोग समन्वय तथा सहजिकरणका लागि देहाय बमोजिमको व्यवस्था हुन चितवन जिल्ला स्थित सबै स्थानीय तहहरूलाई अनुरोध गर्नेः

१. आम सर्वसाधारणलाई औषधि, खाद्यान्न तथा अन्य अत्यावश्यक वस्तु वा सेवा खरिद गर्न बाहेक घर बाहिर ननिस्किन, जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य पालना गर्न गराउन प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश पालना तथा थप प्रभावकारीरूपमा कार्यान्वयनका लागि सबै स्थानीय तहहरूले वडास्तरीय सहयोग तथा समन्वय समिति गठन गरी सो समिति र स्थानीयस्तरमा रहेका स्थानीय टोल सुधार समितिलाई सघनरूपमा परिचालन गर्ने ।

२. यस जिल्लामा कोभिड-१९ को संक्रमण देखिए पनि लक्षण नदेखिएका वा स्वास्थ्यमा जटिल समस्या नदेखिएको कारण होम आइशोलेसनमा बसेका व्यक्तिहरूको एकिन पहिचान तथा विवरण अध्यावधिक गरी निज संक्रमितहरूलाई अन्यत्र संक्रमणको जोखिम नबढ्ने गरी सुरक्षित रूपमा होम आइशोलेसनमा बसे/नवसेको सम्बन्धमा सतर्कताका साथ निगरानी तथा अनुगमन गर्ने ।

२०७८/१/२२
रामचन्द्र ढकाल
प्रमुख जिल्ला अधिकारी

कम्तिमा १० दिन अनिवार्यरूपमा होम आइशोलेसनमा बस्न लगाउने । निजको स्वास्थ्य अवस्था बारेमा जानकारी लिई स्थानीय तहका स्वास्थ्यकर्मीबाट आवश्यक सुझाव सल्लाह तथा परामर्श दिने । स्वास्थ्य अवस्थामा थप जटिलता आएमा नजिकको आइशोलेसन सेन्टर वा अस्पतालमा उपचारका लागि सहयोग तथा समन्वय गर्ने । यस प्रयोजनका लागि स्थानीय राजनितिक दल नागरिक समाज निजीक्षेत्र सञ्चारकर्मी लगायतका व्यक्तिहरू सम्मिलित स्थानीय निगरानी समूह गठन गरी नजिकको सुरक्षा निकायसँग समेत समन्वय गरी परिचालन गर्ने व्यवस्था मिलाउने ।

३. विभिन्न जिल्ला हुँदै भारत वा तेश्रो मुलुक वा बढी संक्रमण देखिएको जिल्लाबाट कोही नयाँ व्यक्ति आफ्नो गाउ टोलमा आए नआएको तत्काल जानकारी दिन सर्वसाधारणलाई आग्रह गर्ने । आएको सूचना प्राप्त भएमा त्यस्ता व्यक्तिलाई कम्तिमा १० दिन सम्म अनिवार्य रूपमा होम क्वारेन्टिनमा बस्न लगाउने, आवश्यक सल्लाह परामर्श दिने तथा निगरानी गर्ने ।

४. कोभिड-१९को संक्रमण फैलिन नदिन तथा चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।०१।१५ गते तथा सो पश्चात पनि विभिन्न मितिमा जारी भएका आदेशको प्रभावकारी पालना तथा कार्यान्वयनका लागि नजिकको सुरक्षा निकायसँग समेत समन्वय गरी पर्चा, पम्पलेट, माईकिङ तथा स्थानीय एफ.एम. रेडियोबाट समेत व्यापक प्रचार प्रसार गरी आवश्यक सहयोग तथा समन्वय गर्ने ।

५. स्थानीय तहबाट सञ्चालित विकास निर्माणसँग सम्बन्धित योजना कार्यान्वयन गर्दा सम्बन्धित ठेकेदारले आवासीय कामदार राखी जनस्वास्थ्यका मापदण्ड अनिवार्यरूपमा पालना गर्ने गरी मात्र सञ्चालन हुने व्यवस्था मिलाउने ।

६. चितवन जिल्ला स्थित सरकारी तथा निजिक्षेत्रका अस्पतालहरूमा दिन प्रतिदिन संक्रमितहरूको चाप बढिरहेकोले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको अघिल्लो बैठकको निर्णयानुसार अक्सिजन तथा स्वास्थ्यकर्मीको सेवा दिने गरी आइसोलेसन केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।

७. स्थानीय तहको प्रतक्ष्य निर्देशन तथा व्यवस्थापनमा सञ्चालित एम्बुलेन्सहरूलाई चालु अवस्थामा राख्ने । एम्बुलेन्स परिचालन तथा उपचारमा समन्वयका लागि एक जना फोकल पर्सन तोक्ने । एम्बुलेन्स सेबा दिंदा निर्धारित मुल्य भन्दा बढि मुल्य लिन नदिने व्यवस्था मिलाउने ।

८. कोभिड-१९ बाट संक्रमितको उपचारको लागि आइशोलेसन सेन्टर तथा अस्पतालमा अक्सिजनको सहज आपूर्ति जरूरी भएको तर अस्पताल अक्सिजन उत्पादक कम्पनी तथा सप्लायर्सहरूसँग सिमित मात्रामा अक्सिजन सिलिण्डर भएकोले सबै स्थानीय तहहरूले कम्तिमा आफ्नो महानगरपालिका/नगरपालिका/गाउपालिकामा स्थापित आइशोलेसन सेन्टरका लागि आवश्यक पर्ने सिलिण्डर खरिद गर्ने ।

२०७८/१/२२

रामचन्द्र ढकाल

प्रशासकीय अधिकृत